गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद ( एन.आर.एन.ए. एन.सी.सी.) अमेरिका

# नेपाली भाषा पुस्तिका

## कक्षा पाँच





क ख ग



संयोजन: डा. मुरली अधिकारी



तह: ५
एकाइ–१.१

# म र मेरो परिवार

## Me and My Family

पढ र बुझ । Read and understand.



मेरो नाम सागर श्रेष्ठ हो ।

मेरो परिवारमा चार जना मात्र छौं ।

मेरो परिवारमा एकले अर्कोलाई सहयोग गर्छौं ।

म प्यारा बुबाआमाको छोरा भएकोमा गर्व गर्छु ।

# म र मेरो परिवार

Me and My Family




मेरो बुबाको नाम सरोज श्रेष्ठ हो ।

उहाँ ३५ वर्षको हुनुहुन्छ ।

मेरो बुबा व्यापार गर्नुहुन्छ ।

बुबाले जोक्स र कथा भनेको रमाइलो लाग्छ ।

# म र मेरो परिवार

## Me and My Family



मेरी आमाको नाम तारा श्रेष्ठ हो ।

उहाँ ३० वर्षकी हुनुहुन्छ ।

मेरी आमा गृहिणी हुनुहुन्छ ।

आमालाई नाच्न निकै मन पर्छ ।

# म र मेरो परिवार

Me and My Family




मेरी बहिनीको नाम सुजाता श्रेष्ठ हो ।

उनी एक कक्षामा पढ्छिन् ।

म र बहिनी एउटै स्कुलमा पढ्छौं ।

बहिनीले मलाई कोठा सफा गर्न सघाउँछिन् ।

# म र मेरो परिवारः अभ्यास

Me and My Family: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. सागरको परिवारमा चार जना सदस्य छन् ।

ख. सागरको बुबा शिक्षक हुनुहुन्छ ।

ग. सागरकी आमा ३५ वर्षकी हुनुहुन्छ ।

घ. सुजाता एक कक्षामा पढ्छिन् ।

२. खाली ठाउँ भर । Fill in the blanks.

क. सागरको बुबाको नाम ............................ हो ।

ख. तारा श्रेष्ठलाई .................... निकै मन पर्छ ।

ग. मेरो नाम ........................................ हो ।

घ. मेरो परिवारमा ........... जना सदस्य हुनुहुन्छ ।

तहः ५
एकाइ–२.३

# म र मेरो परिवारः अभ्यास

Me and My Family: Exercise

३. नाम लेख । (नामहरु लेख्दा तिमीले नजिकका आफन्तलाई पनि राख्न सक्छौ ।)

Write the name.

तिम्रो हजुरबुबाको नामः .......................................

तिम्री हजुरआमाको नामः .......................................

तिम्रो बुबाको नामः .......................................

तिम्री आमाको नामः .......................................

तिम्रा ठुलोबुबाको नामः .......................................

तह: ५
एकाइ–२.४

# म र मेरो परिवार: अभ्यास

Me and My Family: Exercise

तिम्रा मामाको नाम: ....................................

तिम्री फूपुको नाम: ....................................

तिम्रा दाजुको नाम: ....................................

तिम्री दिदीको नाम: ....................................


तिम्रा छिमेकीको नाम: ....................................

तह: ५
एकाइ–३.१

# मेरो घर
## My House

पढ र बुझ । Read and understand.





राजन

म सानो घरमा बस्छु ।

मेरो घर दुई तले छ ।

मेरो घरमा सात वटा कोठा छन् ।

मेरो घर टिनले छाएको छ ।

तहः ५
एकाइ–३.२

# मेरो घर

My House



मेरो घरको भुइँतलामा ४ वटा कोठा छन् ।

एउटा पढ्ने कोठा छ ।

एउटा कोठामा भान्छा छ ।

दुइटा कोठा पाहुनाका लागि छुट्याइएको छ ।

तह: ५
एकाइ–३.३

# मेरो घर

## My House



पहिलो तलामा ३ वटा कोठा छन् ।

दुइटा कोठामा हाम्रो परिवार सुत्छ ।

एउटा कोठा स्टोर हो ।

मलाई बरण्डामा बसेर घाम ताप्न मन पर्छ ।

तह: ५
एकाइ–३.४

# मेरो घर

## My House



मेरो घर सफा छ ।

म आफ्नो कोठा आफै सफा गर्छु ।

मेरो घरको झ्याल ढोका ठुला छन् ।

बिदाका दिन बगैचामा डुल्दा निकै मजा आउँछ ।

तह: ५
एकाइ–४.१

# मेरो घर: अभ्यास

My House: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. राजनको घर तीन तले छ ।

ख. राजनको घरमा सात वटा कोठा छन् ।

ग. राजनको घर फोहोर छ ।

घ. राजनलाई बरण्डामा बसेर घाम ताप्न मन पर्छ ।

# मेरो घर: अभ्यास

My House: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. मेरो घर ...................... तले छ ।

ख. मेरो घरमा ...................... वटा कोठा छन् ।

ग. मेरो छिमेकीको घर ...................... तले छ ।

घ. मेरो घरमा ...................... रंग लगाएको छ ।

# मेरो घरः अभ्यास

## My House: Exercise

३. तिम्रो घरको चित्र बनाऊ र रंग भर ।

Draw a picture of your house and color it.

# मेरो घर: अभ्यास

## My House: Exercise

४. तिम्रो घरमा भएकाे कोठाहरुको नाम लेख ।

Write the names of the rooms of your house.

........................................

........................................

........................................

........................................

तह: ५
एकाइ– ५.१

# मेरो विद्यालय
My School

पढ र बुझ । Read and understand.






आरजु

म ड्याफोडिल स्कुलमा पढ्छु ।

मेरो विद्यालय घरबाट नजिक छ ।

मेरो विद्यालयमा २० वटा कोठा छन् ।

मेरो विद्यालयमा खेल्ने ठुलो चउर छ ।

तह: ५
एकाइ–५.२

# मेरो विद्‌यालय

My School



मेरो विद्‌यालयमा जम्मा २५ जना शिक्षक हुनुहुन्छ ।

उहाँहरुले राम्रोसित बुझाएर पढाउनु हुन्छ ।

हाम्रो विद्‌यालयमा ५०० जना विद्‌यार्थी छन्‌ ।

यसमा ३५० जना छात्रा र १५० जना छात्र छन्‌ ।

तह: ५
एकाइ–५.३

# मेरो विद्यालय

My School



म बिहान ९ बजे विद्यालय पुग्छु ।

विद्यालयमा पुगेर शिक्षकहरुलाई नमस्कार गर्छु ।

कक्षामा ज्ञानी भएर पढ्छु ।

कक्षाकार्य र गृहकार्य सँधै बुझाउँछु ।

तह: ५
एकाइ–५.४

# मेरो विद्यालय

My School




मेरो कक्षा शिक्षकको नाम राधा नेपाल हो ।

म सँधै पहिलो बेञ्चमा बसेर पढ्छु ।

मेरो विद्यालय धेरै राम्रो छ ।

मलाई आफ्नो विद्यालयप्रति गर्व छ ।

तह: ५
एकाइ–६.१

# मेरो विद्यालय: अभ्यास

My School: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. आरजुको विद्यालयमा २० वटा कोठा छन् ।

ख. आरजुको विद्यालय घरबाट टाढा छ ।

ग. आरजुको विद्यालयमा ५० जना विद्यार्थी छन् ।

घ. आरजु कक्षामा ज्ञानी भएर पढ्छिन् ।

# मेरो विद्यालय: अभ्यास

My School: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. आरजुको विद्यालयको नाम ...................... पब्लिक स्कुल हो ।

ख. मेरो विद्यालयको नाम ................................ हो ।

ग. मेरो विद्यालयमा जम्मा ...................... जना शिक्षक हुनुहुन्छ ।

घ. मेरो विद्यालयमा जम्मा ...................... जना विद्यार्थी छन् ।

तहः ४
एकाइ–६.३

# मेरो विद्यालयः अभ्यास

My School: Exercise

३. तिम्रो विद्यालयको चित्र बनाऊ र रंग भर ।

Draw a picture of your school and color it.

तहः ५
एकाइ–६.४

# मेरो विद्यालयः अभ्यास

My School: Exercise

४. तिम्रो विद्यालयमा भएका कोठाहरुको नाम लेख ।

Write the names of the rooms of your school.

.......................................

.......................................

.......................................

.......................................

तह: ५
एकाइ– ७.१

# मेरो जन्मदिन
My Birthday

पढ र बुझ । Read and understand.






करुणा

भोलि १० अक्टोबर हो ।

जुन मेरो जन्मदिन हो ।

म सात बर्षकी छु ।

भोलि म आठ बर्षकी हुनेछु ।

तह: ५
एकाइ–७.२

# मेरो जन्मदिन

My Birthday



मेरो जन्मदिनमा धेरै आफन्त आउनुहुन्छ ।

मैले साथीहरुलाई पनि बोलाएकी छु ।

केक काट्दा खुशी लाग्छ ।

उपहार पाउँदा झन् मज्जा हुनेछ ।

# मेरो जन्मदिन

My Birthday



बुबाले मलाई गुडिया उपहार दिनुभयो ।

आमाले घडी किनिदिनु भयो ।

काका – काकीले आर्शिवाद पनि दिनुभयो ।

साथीहरुले गीत गाएर रमाइलो गरे ।

# मेरो जन्मदिन

My Birthday



जन्मोत्सब पार्टी निकै रमाइलो भयो ।

कोक र मासु मज्जाले खाएँ ।

आइसक्रिम झन् कति मीठो ।

अर्को साल झनै रमाइलोसित जन्मोत्सव मनाउनेछु ।

तह: ५
एकाइ–८.१

# मेरो जन्मदिन: अभ्यास

My Birthday: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. करुणाको जन्मदिन १ अक्टोबरमा हो ।

ख. करुणालाई आमाले घडी किनिदिनु भयो ।

ग. करुणाका साथीहरु गीत गाउँदा रोए ।

घ. करुणाको जन्मोत्सव पार्टी निकै रमाइलो भयो ।

तह: ५
एकाइ–८.२

# मेरो जन्मदिन: अभ्यास

My Birthday: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. मेरो जन्मदिन ................................ मा हो ।

ख. म ............................. वर्षको भएँ ।

ग. करुणालाई बुबाले ................... उपहार दिनुभयो ।

घ. करुणाका काका – काकीले ...........................
पनि दिनुभयो ।

तह: ५
एकाइ–८.३

# मेरो जन्मदिन: अभ्यास

## My Birthday: Exercise

३. जन्मोत्सवका लागि केकको चित्र बनाऊ र रंग भर ।

Draw a picture of cake for the birthday and color it.

# मेरो जन्मदिन: अभ्यास

My Birthday: Exercise

४. जन्मदिन सोधेर लेख ।

Write the birthday.

बुबाको जन्मदिन: ..................................

आमाको जन्मदिन: ..................................

मिल्ने साथीको जन्मदिन: ..................................

कक्षा शिक्षकको जन्मदिन: ..................................

तहः ५
एकाइ– ९.१

# बालगीत

Songs for Children

पढ र बुझ । Read and understand.




पुस्तक पढ्नु सारै राम्रो

च्यात्नु चाहि नराम्रो ।

सफा अक्षर लेख्नु राम्रो

कापी कोर्नु नराम्रो ।।

# बालगीत

Songs for Children




चाँडै सुत्ने, चाँडै उठ्ने

बानी धेरै राम्रो ।

अबेर सुत्ने अबेर उठ्ने

आनी बानी नराम्रो ।।

# बालगीत

Songs for Children




ठुलालाई आदर गर्ने

बानी सारै राम्रो ।

सानालाई हेला गर्ने

बानी सारै नराम्रो ।।

तहः ५
एकाइ–९.४

# बालगीत

## Songs for Children

माथिको गीत लय हालेर शिक्षक / बुबा आमालाई सुनाऊ ।

Sing the song given above melodiously to your teacher/parents.

तह: ५
एकाइ–१०.१

# बालगीत: अभ्यास

Songs for Children: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. पुस्तक पढ्नु राम्रो बानी हो ।

ख. अबेर सुत्नु – अबेर उठ्नु राम्रो बानी हो ।

ग. ठुलालाई आदर गर्नु नराम्रो बानी हो ।

घ. सानालाई हेला गर्नु राम्रो बानी हो ।

तहः ५
एकाइ–१०.२

# बालगीतः अभ्यास

Songs for Children: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

पुस्तक पढ्नु सारै राम्रो

..................................

सफा अक्षर लेख्नु राम्रो

...............................

चाँडै..................................

बानी धेरै राम्रो

अबेर......................

आनी बानी नराम्रो

# बालगीत: अभ्यास

Songs for Children: Exercise

३. एक वाक्यमा उत्तर देऊ ।

Give the answer in one sentence.

क. अक्षर कस्तो लेख्नु पर्छ ?

.............................. ..............................

ख. कति बेला सुत्नु पर्छ ?

.............................. ..............................

# बालगीत: अभ्यास

## Songs for Children: Exercise

ग. कसलाई आदर गर्नुपर्छ ?

............................... ...............................

घ. कसलाई हेला गर्नुहुदैन ?

............................... ...............................

# आमा
Mother

पढ र बुझ । Read and understand.





निरव

मेरी आमाको नाम निर्मला पाण्डे हो ।

उहाँ २५ वर्षकी हुनुहुन्छ ।

उहाँ गोरी हुनुहुन्छ ।

उहाँको उचाई ५ फिट २ इन्च छ ।

# आमा

Mother




मेरी आमाको पसल छ ।

पसलमा खानेकुरा पाइन्छ ।

मलाई चाउचाउ मन पर्छ ।

मेरी आमा मिहिनेती हुनुहुन्छ ।

# आमा

Mother




मेरी आमाले मीठो पकाउनु हुन्छ ।

मेरी आमाले पकाएको अचार मन पर्छ ।

आमाले मासु मीठो पकाउनु हुन्छ ।

आमालाई दुध हालेको चिया मन पर्छ रे ।

# आमा
Mother



मेरी आमा साडी लगाउनु हुन्छ ।

उहाँ सँधै पूजा गर्नुहुन्छ ।

उहाँले भजन गाएको मलाई पनि मन पर्छ ।

मेरी आमा सँधै खुशी देखिनुहुन्छ ।

तह: ५
एकाइ–१२.१

# आमा: अभ्यास

Mother: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. निरवकी आमा ३० वर्षकी हुनुहुन्छ ।

ख. निरवकी आमाले मासु मीठो पकाउनुहुन्छ ।

ग. निरवकी आमा सँधै दुखी देखिनुहुन्छ ।

घ. निरवकी आमा काली हुनुहुन्छ ।

# आमा: अभ्यास

Mother: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. निरवकी आमाको नाम ................................ हो ।

ख. निरवकी आमाको ................................ छ ।

ग. मेरी आमाको नाम ................................ हो ।

घ. मेरी आमा ...................... वर्षकी हुनुहुन्छ ।

तहः ५
एकाइ–१२.३

# आमाः अभ्यास

Mother: Exercise

३. तिम्रो आमाको चित्र बनाऊ ।

Draw a picture of your mother.

# आमा: अभ्यास

Mother: Exercise

४. तिम्रो आमालाई मनपर्ने कुरा सोधेर लेख ।

Write the favourite things of your mother.

मनपर्ने खानेकुरा: ................................

मनपर्ने रङ: ................................

मनपर्ने नायक: ................................

मनपर्ने जनावर: ................................

तह: ५
एकाइ– १३.१

# मेरो गाउँ

My Village

पढ र बुझ । Read and understand.





अमित

मेरो गाउँको नाम पिपलटार हो ।

यो तनहूँ जिल्लामा पर्छ ।

यो गण्डकी अञ्चलमा पर्छ ।

मेरो गाउँ पश्चिम नेपालमा पर्छ ।

तह: ५
एकाइ–१३.२

# मेरो गाउँ

My Village



गाउँले जीवन रमाइलो हुन्छ ।

गाउँको हावापानी सफा हुन्छ ।

गाउँका मानिस स्वस्थ हुन्छन् ।

गाउँमा खर्च कम हुन्छ ।

# मेरो गाउँ

My Village




म दशैं विदामा गाउँ जान्छु ।

गाउँमा पिङ खेल्न पाइन्छ ।

गाउँमा हरियाली देख्न पाइन्छ ।

गाउँका मानिस सहयोगी हुन्छन् ।

तह: ५
एकाइ–१३.४

# मेरो गाउँ

My Village



गाउँमा बाटा साँघुरा हुन्छन् ।

गाउँमा पानीको दुख छ ।

पसल टाढा टाढा छ ।

म ठुलो भएपछि गाउँको विकास गर्नेछु ।

तह: ५
एकाइ–१४.१

# मेरो गाउँ: अभ्यास

My Village: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. अमितको गाउँको नाम पिपलटार हो ।

ख. अमितको गाउँ उत्तर नेपालमा पर्छ ।

ग. गाउँले जीवन नरमाइलो हुन्छ ।

घ. गाउँमा हरियाली देख्न पाइन्छ ।

# मेरो गाउँ: अभ्यास

My Village: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. अमितको गाउँ ........................ अञ्चलमा पर्छ ।

ख. अमित ........................ विदामा घर जान्छ ।

ग. गाउँमा पानीको ............................. छ ।

घ. गाउँका मानिस ..................... हुन्छन् ।

# मेरो गाउँः अभ्यास

My Village: Exercise

३. गाउँको चित्र बनाऊ ।

Draw a picture of the village.

# मेरो गाउँ: अभ्यास

My Village: Exercise

४. एक वाक्यमा उत्तर देऊ ।

Give the answer in one sentence.

क. गाउँले जीवन कस्तो हुन्छ ?

.............................. ..............................

ख. गाउँमा के को दुख छ ?

.............................. ..............................

तह: ५
एकाइ–१५.१

# राम्रो बानी

## Good Habits

तलका चित्रहरु हेर । राम्रो काम बताउनेलाई मात्र चित्रमा √ लेख ।

Look at the pictures below. Tick only for the good habits.



बाटो काट्न सघाउनु



झगडा गर्नु



चोरी गर्नु



सहयोग गर्नु

तह: ५
एकाइ–१५.२

# राम्रो बानी

Good Habits



किताब पढ्नु




धेरै जाँड खानु




हेला गर्नु




आदर गर्नु

# राम्रो बानी

Good Habits




किताब पढ्नु

मिलेर खेल्नु

फलफूल खानु

गीत गाउनु

# राम्रो बानी

Good Habits




किताब च्यात्नु

अल्छी हुनु

झगडा गर्नु

चोरी गर्नु

तह: ५
एकाइ–१६.१

# राम्रो बानी: अभ्यास
## Good Habits: Exercise

१. राम्रो – नराम्रो बानी छुट्याऊ । Choose Good or Bad habits.

क. चाँडै सुत्ने बानी ।

ख. सानालाई हेला गर्ने बानी ।

ग. अरुलाई सहयोग गर्ने बानी ।

घ. अरुलाई ढाट्ने बानी ।

# राम्रो बानी: अभ्यास

## Good Habits: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. म ........................ लुगा लगाउँछु ।

ख. म ........................ लाई दान दिन्छु ।

ग. म अन्धालाई ........................ काट्न सघाउँछु ।

घ. म हरिया सागसब्जी .................. ।

# राम्रो बानीः अभ्यास

## Good Habits: Exercise

३. के के गर्नु राम्रो हो, अभिभावकलाई सोधेर लेख ।

Write the good habits asking with guardians.

# राम्रो बानीः अभ्यास

## Good Habits: Exercise

४. के के गर्नु नराम्रो हो, अभिभावकलाई सोधेर लेख ।

Write the bad habits asking with guardians.

तह: ५
एकाइ–१७.१

# हाम्रो खाना

Our Food

पढ र बुझ । Read and understand.




खानाले हामीलाई शक्ति दिन्छ ।

खेल्दा वा काम गर्दा हामीलाई शक्ति चाहिन्छ ।

खानाले हामीलाई बढ्न सहयोग गर्छ ।

ताजा खानाले हामीलाई स्वस्थ राख्छ ।

तहः ५
एकाइ–१७.२

# हाम्रो खाना

Our Food


## बढ्न सहयोग गर्ने खानाः Body building food




केराउ



दाल



माछा



अण्डा



मासु




दुध

तह: ५
एकाइ–१७.३

# हाम्रो खाना
Our Food

## शक्ति दिने खाना: Energy giving food



भात




नौनी



आलु




घिउ




मह



पाउरोटी

तह: ५
एकाइ–१७.४

# हाम्रो खाना

Our Food

## स्वस्थ राख्ने खाना: Body protecting food






तह: ५
एकाइ–१८.१

# मेरो खाना: अभ्यास

Our Food: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. खानेकुरा खाँदा नबोली कपाकप खानुपर्छ ।

ख. हामीले खाना चपाएर खानु हुन्न ।

ग. हामीले एक पटकमा धेरै खाना खानुपर्छ ।

घ. हामीले प्रशस्त पानी पिउनु पर्छ ।

तह: ५
एकाइ–१८.२

# मेरो खाना: अभ्यास

Our Food: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. हाम्रो खाना ........................ हुनुपर्छ ।

ख. खानाले हामीलाई ........................ दिन्छ ।

ग. तरकारी र ..................ले हामीलाई स्वस्थ राख्छ ।

घ. खानेकुरा खाँदा नबोली ..................... खानुपर्छ ।

तह: ५
एकाइ–१८.३

# मेरो खाना: अभ्यास

## Our Food: Exercise

३. तिमीलाई मनपर्ने खानाको चित्र बनाऊ र रङ भर ।

Draw a picture of your favorite food and color it.

तह: ५
एकाइ–१८.४

# मेरो खाना: अभ्यास

Our Food: Exercise

४. तिम्रो साथीलाई मनपर्ने खानेकुराको सूची बनाऊ ।

Make a list of favorite foods of your friend.

.....................................................

.....................................................

.....................................................

.....................................................

तह: ५
एकाइ–१९.१

# फूलबारी
Garden

पढ र बुझ । Read and understand.



फूलबारीमा धेरै फूलहरु हुन्छन् ।

फूल प्रकृतिको सबभन्दा सुन्दर उपहार हो ।

फूलबाट विभिन्न बास्ना आउँछ ।

फूलले हामीलाई आनन्द दिन्छ ।

तह: ५
एकाइ–१९.२

# फूलबारी

Garden



हाम्रा लागि फूल उपयोगी हुन्छन् ।

यसले मन र आँखालाई शान्त पारिदिन्छ ।

हामीले घर कोठा फूलले सजाउँछौं ।

हिन्दूहरुले पूजा गर्दा भगवानलाई फूल चढाउँछन् ।

तह: ५
एकाइ–१९.३

# फूलबारी
Garden

फूलका प्रकार: Types of flower



गुलाफ rose



लिली lily



कमल lotus



सयपत्री marigold



लालीगुँरास rhododendron



सुनाखरी orchid

# फूलबारी
Garden



गुलाफलाई फूलहरुको रानी भनिन्छ।

नेपालको राष्ट्रिय फूल लालीगुँरास हो।

हाम्रो घरमा राम्रो फूलबारी छ।

मलाई फूल रोप्न मनपर्छ।

# फूलबारी: अभ्यास

Garden: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. फूलबारीमा फूलहरु हुँदैनन् ।

ख. फूलको बास्नाले हामीलाई आनन्दित तुल्याउँछ ।

ग. नेपालको राष्ट्रिय फूल गुलाफ हो ।

घ. हिन्दूहरुले पूजा गर्दा फूल चढाउँछन् ।

तह: ५
एकाइ–२०.२

# फूलबारी: अभ्यास

Garden: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. फूल प्रकृतिको सबभन्दा सुन्दर ………………… हो ।

ख. फूलले मन र …………………लाई शान्त पारिदिन्छ ।

ग. …………………लाई फूलहरुको रानी भनिन्छ ।

घ. फूल रोप्नु …………………… बानी हो ।

# फूलबारीः अभ्यास

Garden: Exercise

३. तिमीलाई मनपर्ने फूलको चित्र बनाऊ र रङ भर ।

Draw a picture of your favorite flower and color it.

तहः ५
एकाइ–२०.४

# फूलबारीः अभ्यास

## Garden: Exercise

४. तिम्रो परिवारका सदस्यलाई मनपर्ने फूलको सूची बनाऊ ।

Make a list of favorite flowers of your family.

...........................................................

...........................................................

...........................................................

...........................................................

तह: ५
एकाइ–२१.१

# जीवनका लागि पानी

Water for Life

पढ र बुझ । Read and understand.




जीवनका लागि पानी अति आवश्यक छ ।

हामी पानी बिना बाँच्न सक्दैनौं ।

हामी पानी पिउँछौं ।

खाना पकाउन र लुगा धुन पनि पानी चाहिन्छ ।

# जीवनका लागि पानी

Water for Life



विरुवालाई पनि पानी चाहिन्छ ।

माटोले पानी सोस्छ ।

जनावरले पनि पानी पिउँछ ।

पानी बिनाको जीवन असम्भव छ ।

तहः ५
एकाइ–२१.३

# जीवनका लागि पानी

Water for Life

## पानीका स्रोतः Resources of water



हिउँ snow



झरना waterfall




नदी river



इनार well



हातेपम्प hand-pump



वसन्त spring

तह: ५
एकाइ–२१.४

# जीवनका लागि पानी

Water for Life



सफा पानी मात्र पिउनु पर्छ ।

नदी र तलाउका पानी खानु हुँदैन ।

पानी फिल्टर गरेर वा तताएको खानु राम्रो हुन्छ ।

पानी जथाभावी खेर जान दिनु हुँदैन ।

तह: ५
एकाइ–२२.१

# जीवनका लागि पानी: अभ्यास

Water for Life: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. हामी पानी बिना बाँच्न सक्छौं ।

ख. बिरुवालाई पनि पानी चाहिन्छ ।

ग. फोहोर पानी मात्र पिउनु पर्छ ।

घ. पानी जथाभावी खेर जान दिनुपर्छ ।

तह: ५
एकाइ–२२.२

# जीवनका लागि पानी: अभ्यास

## Water for Life: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. जीवनका लागि ………………… अति आवश्यक छ ।

ख. खाना ………… र लुगा ………… पनि पानी चाहिन्छ ।

ग. माटोले ………………… सोस्छ ।

घ. नदी र …………………… का पानी खानु हुँदैन ।

# जीवनका लागि पानीः अभ्यास

Water for Life: Exercise

३. पानीका कुनै पाँच वटा स्रोतको नाम लेख ।

Write the name of any five resources of a water.

# जीवनका लागि पानीः अभ्यास

Water for Life: Exercise

४. पानीको महत्वबारे शिक्षक / बुबा आमासँग सोधेर लेख ।

Write the importance of water asking teachers/parents.

........................................................

........................................................

........................................................

........................................................

तह: ५
एकाइ–२३.१

# पैसा बचत गर

Saving Money

पढ र बुझ । Read and understand.



पसलमा सामान किन्न पैसा चाहिन्छ ।

खानेकुरा, लुगा कपडा किन्दा पैसा नभई हुदैन ।

स्कुलमा फि तिर्न पनि पैसा चाहिन्छ ।

त्यसैले जथाभावी पैसा खर्च गर्नु हुँदैन ।

तह: ५
एकाइ–२३.२

# पैसा बचत गर

Saving Money



बिरामी पर्दा औषधी गर्न पैसा चाहिन्छ ।

घुम्न जाँदा पनि पैसा नै चाहिन्छ ।

चाहिने कुरामा पैसा खर्च गर्नुपर्छ ।

नचाहिने कुरामा चाहिं पैसा खर्च गर्नु हुँदैन ।

तह: ५
एकाइ–२३.३

# पैसा बचत गर

Saving Money



घर बनाउन पैसा चाहिन्छ ।

गाडी किन्न पनि पैसा नै चाहिन्छ ।

व्यापार गरेमा पैसा कमाइन्छ ।

जागिर गरे पनि पैसा पाइन्छ ।

# पैसा बचत गर

Saving Money




खर्च गरी बचेको पैसा जम्मा गर्नुपर्छ ।

त्यस्तो पैसा बैंकमा राख्नुपर्छ ।

बैंकले पैसा राख्नेलाई ब्याज पनि दिन्छ ।

गरिब–गुरुवालाई पैसा दान दिनु राम्रो बानी हो ।

तह: ५
एकाइ–२४.१

# पैसा बचत गर: अभ्यास
Saving Money: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. चाहिने कुरामा पैसा खर्च गर्नुपर्छ ।

ख. कमाएको पैसा सबै सिध्याउनु पर्छ ।

ग. जागिर गरेमा पैसा पाइँदैन ।

घ. बैंकमा पैसा जम्मा गर्नु राम्रो हो ।

तह: ५
एकाइ–२४.२

# पैसा बचत गर: अभ्यास

Saving Money: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. पैसा जथाभावी .................. गर्नु हुँदैन ।

ख. घर – गाडी किन्न .................. चाहिन्छ ।

ग. बचेको पैसा ..................मा जम्मा गर्नु राम्रो हो ।

घ. गरिव–गुरुवालाई पैसा .................. दिनु राम्रो बानी हो ।

# पैसा बचत गरः अभ्यास

Saving Money: Exercise

३. विभिन्न पैसाको चित्र संकलन गरी टाँस ।

Collect and Paste different pictures of money.

# पैसा बचत गरः अभ्यास

## Saving Money: Exercise

तह: ५
एकाइ–२५.१

# हात्ती

Elephant

पढ र बुझ । Read and understand.



हात्ती बलियो र ठुलो जनावर हो ।

यसका चार वटा खम्बा जत्रा खुट्टा हुन्छन् ।

यसको सुँड हुन्छ ।

हात्तीको आँखा सानो हुन्छ ।

# हात्ती

Elephant



नेपालमा हात्ती पाइन्छ ।

हात्तीले घाँस खान्छ ।

यसलाई केरा र उखु पनि मनपर्छ ।

हात्तीलाई नुहाउन मनपर्छ ।

तह: ५
एकाइ–२५.३

# हात्ती

Elephant



हात्ती उपयोगी जनावर हो ।

यसले ठुला ठुला भारी बोक्न सक्छ ।

हात्तीको बच्चालाई छावा भन्छन् ।

हात्तीको स्याहार गर्नेलाई माहुते भन्छन् ।

# हात्ती

Elephant

SAVE THE ELEPHANTS

हात्ती ज्ञानी जनावर हो ।

यसलाई शिकार र जंगल घुम्न पनि प्रयोग गरिन्छ ।

विवाह र धार्मिक काममा समेत हात्तीको प्रयोग हुन्छ ।

हामीले हात्तीको संरक्षण गर्नुपर्छ ।

तह: ५
एकाइ–२६.१

# हात्ती: अभ्यास

Elephant: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. हात्ती सानो जनावर हो ।

ख. नेपालमा हात्ती पाइन्छ ।

ग. हात्तीले ठुलो भारी बोक्न सक्दैन ।

घ. हामीले हात्तीको संरक्षण गर्नुपर्दछ ।

# हात्तीः अभ्यास
Elephant: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. हात्तीको ………………… चार वटा खुट्टा हुन्छन् ।

ख. हात्तीले …………………र उखु मन पराउँछ ।

ग. हात्तीको बच्चालाई ………………… भन्छन् ।

घ. हामीले हात्तीको …………………… गर्नुपर्छ ।

# हात्तीः अभ्यास

Elephant: Exercise

३. तिमीलाई मन पर्ने जनावरको चित्र बनाऊ र रङ भर ।

Draw a picture of your favorite animal and color it.

# हात्तीः अभ्यास

## Elephant: Exercise


४. तिमीलाई मन पर्ने जनावरबारे वर्णन गर ।

Describe about your favorite animal.

तहः ५
एकाइ–२७.१

# सूर्य
Sun

पढ र बुझ । Read and understand.




सूर्यलाई घाम पनि भन्छन् ।

सूर्यले हामीलाई ताप र प्रकाश दिन्छ ।

सूर्य पूर्व दिशाबाट उहाउँछ ।

सूर्य पश्चिम दिशामा अस्ताउँछ ।

# सूर्य
Sun




सूर्य गोलो आकारको हुन्छ ।

मानिस सूर्य बिना बाँच्न सक्दैनन् ।

जनावरलाई पनि सूर्य चाहिन्छ ।

सबै जिवित प्राणीलाई सूर्य चाहिन्छ ।

# सूर्य
Sun




गर्मीमा सूर्यले पोल्छ ।

त्यसैले सेतो कपडा लगाउनु राम्रो हुन्छ ।

जाडोमा सूर्यले न्यानो दिन्छ ।

जाडोमा बाक्लो कपडा लगाइन्छ ।

# सूर्य
Sun



सूर्य उदाउँदा उज्यालो हुन्छ ।

सूर्य अस्ताउँदा अध्याँरो हुन्छ ।

सूर्यले दिन–रात बनाउँछ ।

नेपालमा सूर्यलाई देवताको रुपमा पूजिन्छ ।

तह: ५
एकाइ–२८.१

# सूर्य: अभ्यास
## Sun: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. सूर्य पश्चिम दिशाबाट उदाउँछ ।

ख. सूर्यले ताप र प्रकाश दिन्छ ।

ग. सूर्य चेप्टो आकारको हुन्छ ।

घ. नेपालमा सूर्यलाई देवताको रुपमा पूजिन्छ ।

# सूर्यः अभ्यास

Sun: Exercise

२. खाली ठाउँ भर । Fill in the blanks.

क. सूर्य .................. दिशाबाट उदाउँछ ।

ख. सूर्य .................. आकारको हुन्छ ।

ग. गर्मीमा .................. पोल्छ ।

घ. नेपालमा सूर्यलाई ..................को रुपमा पूजिन्छ ।

# सूर्यः अभ्यास

Sun: Exercise

३. सूर्यको चित्र बनाऊ र रङ भर ।

Draw a picture of the sun and color it.

# सूर्य: अभ्यास

Sun: Exercise

४. एक वाक्यमा उत्तर देऊ । Answer the following in one sentence.

क. के ले दिन रात बनाउँछ ?

.......................................................................


ख. सूर्यले हामीलाई के दिन्छ ?

.......................................................................

# बालगीत

## Songs for Children

पढ र बुझ । Read and understand.




चैत बैशाख वसन्त हो

फूल देख्न पाइने ।

जेठ असार ग्रीष्म ऋतु

घरमा पङ्खा चाहिने ।।

# बालगीत

## Songs for Children




बर्षा नै हो साउन भदौ

पानी–पानी हुन्छ ।

असोज कात्तिक शरद्‌मा

चाडबाडले छुन्छ ।।

# बालगीत

## Songs for Children

### 6 Seasons

| | | |
|---|---|---|
| Basanta | (spring) | Mid Apr - Mid Jun |
| Grishma | (summer) | Mid Jun - Mid Aug |
| Barkha | (monsoon) | Mid Aug - Mid Oct |
| Sharad | (early autumn) | Mid Oct - Mid Dec |
| Hemanta | (late autumn) | Mid Dec - Mid Feb |
| Shishir | (winter) | Mid Feb - Mid Apr |

हेमन्त हो मङ्सिर पुष

जाडो बढ्न थाल्छ ।

माघ फागुन शिशिरले

रुखका पात फाल्छ ।।

तहः ५
एकाइ–२९.४

# बालगीत

## Songs for Children

माथिको ऋतु गीत लय हालेर शिक्षक / बुबा आमालाई सुनाऊ ।

Sing the season song given above melodiously to your teacher/parents.

# बालगीत: अभ्यास

## Songs for Children: Exercise

१. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. वसन्त ऋतुमा फूलहरु फूल्छन् ।

ख. असोज कात्तिक बर्षा ऋतु हो ।

ग. मङ्सिर पुष हेमन्त ऋतु हो ।

घ. ग्रीष्म ऋतुमा घरमा हिटर चाहिन्छ ।

# बालगीतः अभ्यास

Songs for Children: Exercise

२. खाली ठाउँ भर। Fill in the blanks.

क. चैत बैशाख .................... हो, फूल देख्न पाइने।

ख. बर्षा नै हो साउन भदौ, .......................... हुन्छ।

ग. .................... शरदमा, चाडबाडले छुन्छ।

घ. हेमन्त हो मङ्सिर पुष, .................... बढ्न थाल्छ।

# बालगीतः अभ्यास

Songs for Children: Exercise

३. एक वाक्यमा उत्तर देऊ ।

Give the answer in one sentence.

क. फूल देख्न पाइने ऋतु कुन हो ?

.............................. ..............................

ख. कुन ऋतुमा पानी झमझम पर्छ ?

.............................. ..............................

# बालगीत: अभ्यास
Songs for Children: Exercise

४. जोडा मिलाऊ । Match the following.

| | | |
|---|---|---|
| भदौ | वसन्त | असोज |
| जेठ | ग्रीष्म | फागुन |
| पुष | वर्षा | साउन |
| कात्तिक | शरद् | असार |
| चैत | हेमन्त | मङ्सिर |
| माघ | शिशिर | बैशाख |

तह: ५
एकाइ–३१.१

# एकाइ १ देखि १६ सम्मको पूनरावृत्ति

Review of Unit 1 to Unit 16

१. खाली ठाउँ भर । Fill in the blanks.

क. हाम्रो खाना ............................ हुनुपर्छ ।

ख. पैसा जथाभावी ...................... खर्च गर्नु हुँदैन ।

ग. मलाई मनपर्ने जनावरको नाम ...................... हो ।

घ. ............ ले दिन रात बनाउँछ ।

# एकाइ १ देखि १६ सम्मको पूनरावृत्ति
Review of Unit 1 to Unit 16

२. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. हामी पानी बिना बाँच्न सक्दैनौं ।

ख. बैंकमा पैसा बचत गर्नु राम्रो बानी होइन ।

ग. सूर्य पूर्व दिशाबाट उदाउँछ ।

घ. सफा पानीमात्र पिउनु पर्छ ।

# एकाइ १ देखि १६ सम्मको पूनरावृत्ति

Review of Unit 1 to Unit 16

३. पैसाको महत्वबारे लेख ।

Write about importance of the money.

.................................................................

.................................................................

.................................................................

.................................................................

तहः ५
एकाइ–३१.४

# एकाइ १ देखि १६ सम्मको पूनरावृत्ति

Review of Unit 1 to Unit 16

४. शिक्षक वा बुबा आमालाई सोधेर एउटा नेपाली कविता लेख ।

Write a Nepali poem asking to your teacher/parents.

# एकाइ १७ देखि ३० सम्मको पूनरावृत्ति

Review of Unit 17 to Unit 30

१. खाली ठाउँ भर । Fill in the blanks.

क. मेरो नाम ································ हो ।

ख. मेरो घरमा ····················· रङ लगाएको छ ।

ग. मेरो विद्यालयको नाम ······························ हो ।

घ. मेरो बुबा············ वर्षको हुनुहुन्छ ।

# एकाइ १७ देखि ३० सम्मको पूनरावृत्ति

Review of Unit 17 to Unit 30

२. ठिक–बेठिक छुट्याऊ । Choose True or False.

क. पुस्तक नपढ्नु राम्रो बानी हो ।

ख. अबेर सुत्नु – अबेर उठ्नु नराम्रो बानी हो ।

ग. ठुलालाई आदर नगर्नु राम्रो बानी हो ।

घ. सानालाई हेला नगर्नु राम्रो बानी हो ।

# एकाइ १७ देखि ३० सम्मको पूनरावृत्ति

Review of Unit 17 to Unit 30

३. तिम्रो बुबालाई मनपर्ने कुरा सोधेर लेख ।

Write the favourite things of your father.

मनपर्ने खानेकुराः ..................................

मनपर्ने रङः ..................................

मनपर्ने नायिकाः ..................................

मनपर्ने जनावरः ..................................

तह: ५
एकाइ–३२.४

# एकाइ १७ देखि ३० सम्मको पूनरावृत्ति

Review of Unit 17 to Unit 30

४. शिक्षक वा बुबा आमालाई सोधेर एउटा गीत लेख ।

Write a song asking to your teacher/parents.